# माादी गाउँपालिका
# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या ४ भदौ २५ गते, २०७६साल


## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिलकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. ४

## जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६

**प्रस्तावना :**

गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर, सम्मान तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापनका लागि नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न यस गाँउ कार्यपालिकाले जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६ जारी गरेको छ ।

**परिचय-पत्र वितरणका आधारहरु :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था आदि परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**उद्देश्यहरु :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र वडातहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै यस गाउँपालिका भित्रका नागरिकहरु :

**ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,(६० वर्ष उमेर पुरा भई ७० वर्ष पूरा नभएको)

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक, जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको ।

(घ) अशक्त ज्येष्ठ नागरिक, शारीरिक वा मानसिकरुपले अशक्त जेष्ठ नागरिक

(ङ) एकल ज्येष्ठ नागरिक “एकल जेष्ठ नागरिक” भन्नाले विधवा, विधुर वा अविवाहित एकल जेष्ठ नागरिक ।

**परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची-३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-२ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गा.पा.को कार्यालयमा राखी वार्षिक रूपमा विवरण अध्यावधिक गरिने छ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि थप कार्यविधि तथा स्पष्टता आवश्यक परेमा गाउँ कार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

# मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन : ०६१५०६४००

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

प.प. नं :-
नाम थरः ..........................................
ना.प्र.न.: ..........
वावु /आमाको नाम :....................
ठेगानाः प्रदेश गण्डकी, जिल्ला कास्की, गा.पा मादी
वडा नं.: ............ टोल/गाउँः .........
उमेरः ..........वर्ष लिङ्गः ...........
उपलब्ध छुट तथा सुविधाहरु : ...............................
पति/पत्नीको नाम : .......................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ......................................
.................
संरक्षकको नाम, ठेगाना, मोवाइल नं. :
.......................................
रक्त समूह र रोग भएमा रोगको नाम :
..............................................................................................

प्रमाणित गर्ने अधिकृतको :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

मादी गाउँपालिका, कास्की

## अनुसूची-२
## निवेदन पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मादी गाउँपालिका
थुमाकोडाँडा कास्की ।

विषय : ज्येष्ठ नागरिक परिचय पत्र पाउँ ।

महोदय ,

जेष्ठ नागरिक सम्बन्धी ऐन ,२०६३ बमोजिम म वरिष्ठ ज्येष्ठ/अशक्त जेष्ठ/असाहाय जेष्ठ/जेष्ठ/एकल जेष्ठ नागरिक भएको हुदाँ जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा मादी गाउँपालिका जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६ मा व्यवस्था भए बमोजिम सोही निर्देशिकाको अनुसूची-२ बमोजिमको ढाँचामा जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई पाउँ भनी तपसिलको व्यक्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

१.जेष्ठ नागरिकको व्यक्तिगत विवरण :

क) नामथर :........................... लिङ्ग :.....................

ख) वावु /आमाको नामथर :...........................

ग) पति/पत्नीको नामथर :......................

घ) जन्म मिति : .............................

ङ) स्थायी ठेगाना : प्रदेश-गण्डकी, जिल्ला-कास्की, गा.पा मादी, वडा नं:.... टोलको नाम :........

च) ना.प.प्र.नं ..................., जारी मिति :......................

छ) स्वास्थ्य सम्बन्धी विवरण : (कुनै विशेष रोग भए उल्लेख गर्ने) : ..................
...............................................................

२. जेष्ठ नागरिकको पारिवारिक विवरण :

क) जम्मा सन्तान संख्या : ........ ख) छोरा .......... ग) छोरी ..........

३. हेरचाह केन्द्रमा बसेको भए सो को विवरण : ...............................

४. संरक्षकको नामथर/ठेगाना :.....................सम्पर्क नम्बर :

५. रक्त समुह : ..........................

निवेदक

आज्ञाले,
युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका, कास्की